सम्पर्क नं.०२५-५६३०३०

स्थानीय सरकार

# दुहबी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुहबी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.२०८२/०८३ शिक्षा, युवा तथा खेलकुद शाखा

च.नं.-

मिति:२०८२।०५।१२

श्री कक्षा ८-१२ सञ्चालित विद्यालय (सबै),

दुहबी नगरपालिका, सुनसरी ।

**विषय: निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरको न.नं.१४४ मिति २०८२।०५।११ को पत्रानुसार यस वर्षको राष्ट्रिय बालदिवसको अवसरमा कक्षा ८-१२ मा अध्यनरत १८ वर्ष मुनिका बालबालिका बिच **"बालविवाह अन्त्यका लागि बालबालिकाको भूमिका"** विषयक प्रदेशस्तरीय खुला निबन्ध प्रतियोगिता सञ्चालन गर्ने भएकोकले सो प्रतियोगितामा तपसिल बमोजिमको सर्तको अधिनमा रही सहभागी हुन चाहने आफ्नो विद्यालयका बालबालिकाहरूको निबन्ध पठाउन सहजीकरण गरिदिनुहुन जानकारी गराइन्छ ।

**तपशील**

१. निबन्धको विषय- **"बालविवाह अन्त्यका लागि बालबालिकाको भूमिका"**

२. निबन्ध पठाउने सामाजिक विकास मन्त्रालयको इमेल ठेगाना- mosdvacancy@gmail.com,

३. निबन्ध पठाउने समय- **मिति २०८२ भाद्र २५ गते** कार्यालय समयभित्र,

४. निबन्ध सहभागिता- **कक्षा ८-१२ मा अध्ययनरत १८ वर्ष मुनिका बालबालिका,**

५. पुरस्कार- पहिलोलाई १०,०००/-, दोस्रोलाई ७,०००/- र तेस्रोलाई ५,०००/- नगद पुरस्कारसहित प्रमाणपत्र,

६. शब्द संख्या- बढीमा ३,०००/- हुनुपर्ने,

७. निबन्ध अनिवार्य रुपमा विद्यार्थी स्वयमले लेखेको हस्तलिखित हुनुपर्ने ।

**पुनश्च- निबन्ध मौलिक, सिर्जनात्मक, अन्यत्र कुनै प्रतियोगितामा प्रस्तुत नगरिएको र अप्रकाशित हुनुपर्नेछ । समयसिमा भित्र प्रप्त हुन नसकेको निबन्धलाई प्रतियोगितामा समावेश गरिने छैन । निबन्यका साथ आफ्नो पासपोर्ट साइजको फोटो, नाम थर, कक्षा, विद्यालय र सम्पर्क नम्बर संलग्न राख्नुपर्नेछ ।**

२०८२/५/१२

विकास घिमिरे